annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३४८, पृष्ठ ८ | काठमाडौं, सोमबार १४ वैशाख २०८३ | वैशाख शुक्लपक्ष एकादशी, नेपाल संवत् ११४६ | MONDAY, APRIL 27, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

## महँगीले हान्यो ८ खर्बका आयोजना

अन्तर्राष्ट्रिय द्वन्द्व, इन्धनको अभाव र निर्माण सामग्रीमा भएको अत्यधिक मूल्यवृद्धिका कारण देशभरका करिब ८ खर्ब रुपैयाँबराबरका विकास आयोजनाहरू नराम्ररी प्रभावित भएका छन्। गत फागुनदेखि बढ्दो महँगीका कारण निर्माण व्यवसायीहरू ठूलो घाटा सहेर काम गर्न बाध्य छन् भने धेरैजसो आयोजनाहरू सुस्त वा ठप्प हुने अवस्थामा पुगेका छन्। नयाँ सरकार गठनसँगै मूल्य समायोजन गर्ने आश्वासन दिइए पनि हालसम्म कुनै ठोस निर्णय नआउँदा व्यवसायीहरू अन्योलमा परेका छन्।




सुनिता कार्की | *काठमाडौं*
मनिका झा | *जनकपुरधाम*
किशोर बुढाथोकी | *विराटनगर*
केशरराज क्षेत्री | *बुटवल*

समाचार पृष्ठ २

## हिउँको ढिस्कोले आधार शिविरमै रोकिए सगरमाथा आरोही



**बालकृष्ण बस्नेत** | *गोक्यो (सोलुखुम्बु)*

हिउँको ठूलो ढिस्कोले बाटो छेकिँदा १ हजारभन्दा बढी सगरमाथा आरोहण दलका सदस्यहरू सगरमाथा आधार शिविर (बेस क्याम्प) मा अड्किएका छन्। बाटो खुलाउन ८ जना 'आइसफल डाक्टर' ले निरन्तर एक सातादेखि गरेको प्रयास सफल हुन सकेको छैन।

सर्वोच्च शिखर सगरमाथाको आधार शिविर र पहिलो शिविर (क्याम्प वान) को बीचमा हिउँको ठूलो ढिस्कोले बाटो छेक्दा आरोहण दलका सबै सदस्यहरू आधार शिविरमै रोकिएका हुन्। बाटो खुलाउन निरन्तर प्रयास भए पनि सफलता नमिल्दा आरोहीहरू अन्योलमा परेका छन्। आधार शिविरमा रहेका आरोहण दलका सदस्य फुर्ते शेर्पाले जानकारी दिएअनुसार बाटोमा विशाल हिउँको ढिस्को बनेका कारण यो सिजनका कुनै पनि आरोहण दल अघि बढ्न सकेका छैनन्।

बाटो अवरुद्ध हुँदा चिनियाँ, अमेरिकी, युरोपियन, नेपाली कुनै पनि आरोहण दलका सदस्यहरू अघि बढ्न सकेका छैनन्। बाटो खुलाउनका लागि नेपाल पर्वतारोहण संघ, सगरमाथा प्रदुषण नियन्त्रण समिति (एसपीसीसी), पर्वतारोहण सञ्चालक संघलगायतको टोली आइसफल डाक्टरको सहायतामा प्रयास गरिरहेको छ।

सगरमाथा क्षेत्रमा पर्ने खुम्बु पासाङ ल्हामु गाउँपालिकाका अध्यक्ष मिङ्मा छिरिङ शेर्पाले बाटो अवरुद्ध भएका कारण आधार शिविरमा भीडभाड बढेको र कुनै पनि आरोहण दल अघि बढ्न नसकेको जानकारी दिए।

'आज (आइतबार) पनि आइसफल डाक्टरहरूले निकै मेहनत गरे। ढिस्को फुटाउन वा अरू कुनै उपाय हुन्छ कि भनेर प्रयास गरियो, तर सफल भएन,' अध्यक्ष शेर्पाले भने।

पर्यटन विभागले यो वर्ष ४ सयभन्दा बढीलाई आरोहण अनुमति दिएको छ। तिनका गाइड र सहयोगीहरू सबै गरेर झन्डै १ हजार जना आरोहण दलमा हुने विभागका महानिर्देशक रामकृष्ण लामिछानेले बताए। उक्त हिउँको ढिस्को पूरै पग्लिन अझै केही दिन लाग्ने हुँदा सगरमाथा आरोहण केही समयका लागि अवरुद्ध हुने देखिएको छ। विज्ञहरूले वैकल्पिक बाटोको खोजी गरिरहे पनि त्यो सम्भव नभएको आरोहीहरू बताउँछन्।

केहीले जोखिम मोलेर घुमाउरो बाटो भएर सगरमाथा जान सक्ने सम्भावना भए पनि त्यो खतरामुक्त भने छैन। 'त्यसो गर्नुभन्दा केही दिन कुरेर ढिस्को पूरै पग्लिएपछि आरोहणमा जानु उपयुक्त हुने हाम्रो निष्कर्ष छ,' एसपीसीसीका अध्यक्ष छिरिङ लामाले सुझाव दिएका छन्।

» बाँकी पृष्ठ ३

टिप्पणी

## निर्माण क्षेत्रको संकट मोचन

**ई. केशवकुमार शर्मा**
पूर्वसचिव



नेपालको भौतिक पूर्वाधार विकासका लागि मेरुदण्ड मानिएको निर्माण क्षेत्र विगत केही समयदेखि नीतिगत जटिलता, आर्थिक संकट र प्रक्रियागत ढिलाइका कारण गम्भीर अवस्थाबाट गुज्रिरहेको छ। वर्षौंदेखि अल्झिएर रुग्ण भइरहेका ठेक्काहरू, व्यवसायीहरूको 'कन्स्ट्रक्सन होलिडे' को माग र सरकारको कमजोर कार्यान्वयन क्षमताका बीच यस क्षेत्रलाई कसरी पुनर्जीवित गर्ने भन्ने बहस तीव्र भइरहेको छ। पछिल्लो समय अन्तर्राष्ट्रिय भू-राजनीतिक तनावका कारण बढेको इन्धन र अन्य पेट्रोलियम पदार्थको अत्यधिक मूल्यवृद्धिले यस क्षेत्रलाई थप संकटमा पुर्‍याएको छ। अन्तर्राष्ट्रिय घटनाक्रमले इन्धन र निर्माण सामग्रीमा पारेको असरलाई सरकारले न्यायोचित ढंगले सम्बोधन गर्नुपर्छ।

निर्माण व्यवसायीहरूले सबै ठेक्कामा मूल्य समायोजनको माग गरिरहेका छन्, जसलाई नाजायज भन्न सकिँदैन। सार्वजनिक खरिद ऐनको दफा ५५ मा अत्यधिक मूल्यवृद्धि भएको अवस्थामा विशेष निर्णय गरेर मूल्य समायोजन गरी दिन सकिने व्यवस्था छ। हालको मूल्यवृद्धिको यो जोखिम निर्माण व्यवसायीका कारणले नभई विश्वव्यापी कारणले उत्पन्न भएको हो, त्यसैले बजार प्रभावित हुनुको जोखिम नियोक्ता अर्थात् सरकारले नै लिनुपर्छ।

» बाँकी पृष्ठ ३

## मनोहरामा दिनभर चल्यो डोजर, ६० प्रतिशत संरचना भत्काइए

**संजीप घिमिरे** | *भक्तपुर*

भक्तपुरको मनोहरा खोला किनारको सुकुम्बासी बस्तीमा आइतबार दिनभर डोजर चलेको छ। सरकारले काठमाडौं उपत्यकाका नदी किनार तथा जोखिमपूर्ण सार्वजनिक र सरकारी जग्गा खाली गर्ने अभियानअन्तर्गत डोजर लगाएर सुकुम्बासी बस्तीको संरचना भत्काएको हो।

करिब ८ सय घरटहरा रहेको सो बस्तीमा ६० प्रतिशत संरचना भत्काइएको प्रहरीले जनाएको छ। वर्षाको बाबजुद १४ वटा डोजर दिनभर चल्दा ६० प्रतिशत संरचना भत्काउन सफल भएको जिल्ला प्रहरी परिसर भक्तपुरका सहायक सूचना अधिकारी प्रहरी निरीक्षक सुवेश अधिकारीले जनाएका छन्। '४ सय ५० वटाभन्दा बढी घरटहरा भत्काउँदा ४६ वटा भने ढलान गरिएका घरहरू थिए,' उनले भने, 'अन्य संरचना भने इँटा र सिमेन्टको भित्ता भए पनि छानो जस्ताको थियो।'

संरचना भत्काउने क्रममा लडेर बेहोस ४८ वर्षीय रमेश तामाङलाई उद्धार गरी नेपाल कोरियामैत्री नगरपालिका अस्पताल पुर्‍याइएको अधिकारीले बताए। आफ्नो आँखा अगाडि बासस्थान उजाडिदा ९२ वर्षीया हीरामाया सुवेदी, ६० वर्षकी फूलमाया दर्जी र ७४ वर्षीया राधिका खड्का पनि बेहोस भएका थिए। उनीहरूमाध्ये सुवेदी र दर्जीको नेपाल कोरियामैत्री नगरपालिका अस्पतालमै उपचार सम्भव भए पनि खड्कालाई भने वीर अस्पताल पुर्‍याउनु परेको थियो।

शनिबार साँझ बस्तीवासीले प्रतिकार गरेपछि पछि हटेको प्रहरी आइतबार दलबलसहित पुग्दा बस्तीवासी निरीह बनेका थिए। शनिबार साँझ बस्तीवासीले ढुंगा मुढा गर्नथालेपछि जिल्ला प्रहरी परिसर थिमिका डीएसपी नवराज ढुंगानासहित ११ जना नेपाल प्रहरी र ५ जना सशस्त्र प्रहरी घाइते भएका थिए। अँध्यारो भएको र बस्तीवासी प्रतिकारमा उत्रिएपछि एक कदमपछि हटेका सुरक्षाकर्मी आइतबार बिहानैदेखि हजारौंको संख्यामा तैनाथ गरिएका थिए।

भक्तपुरका १ हजार २ सय सुरक्षाकर्मी र काठमाडौंबाट थपिएका समेत गरी २ हजार ५ सयभन्दा बढी सुरक्षाकर्मी तैनाथ गरिँदा बस्तीवासीले अवरोध गर्ने हिम्मत गरेनन्। सरकारलाई वर्षाले पनि साथ दिएकाले बस्तीवासी आफ्ना पोकापुन्तुरा सुरक्षित गर्नतर्फ लागे।



सुनिता डंगोल

बस्ती खाली गराउनुअघि सुरक्षाकर्मीहरूले स्थानीय बासिन्दाहरूलाई आफ्ना सरसामान सुरक्षित रूपमा निकाल्न र अन्यत्र सार्न सहयोग गरेका थिए। बस्तीबाट चौपाया र पशुपन्छीको समेत उद्धारमा सुरक्षाकर्मीले सघाएका थिए। आफ्नै नगरपालिका अन्तर्गतको अवैध बस्ती हटाउँदा मध्यपुर थिमि नगरपालिकाका नगर प्रहरी भने मैदानमा देखिएनन्। काठमाडौं महानगरका प्रहरीको यसमा सक्रियता देखिएको थियो। मनोहरा जग्गा एकीकरण आयोजनाअन्तर्गत पर्ने यो क्षेत्रको जग्गा व्यवस्थापन उपसमितिमा काठमाडौं महानगरको प्रमुख अध्यक्ष एवं मध्यपुर थिमि नगरपालिका प्रमुख उपाध्यक्ष रहने व्यवस्था छ।

यस क्षेत्रबाट प्रहरीको सम्पर्कमा आएर होल्डिङ सेन्टरको सम्पर्कमा पुगेका सुकुम्बासीको संख्या ५५ रहेको जिल्ला प्रहरी परिसर भक्तपुरका सहायक सूचना अधिकारी रहेका प्रहरी निरीक्षक सुवेश अधिकारीले जनाएका छन्। उनले सोमबार बाँकी संरचना हटाइनेसमेत जानकारी गराए।